☎ ०७८-५४०७९९
☎ ०७८-५४०६१७
Fax: 078-540201
Email: cdonawalpur2074@gmail.com

# जिल्ला प्रशासन कार्यालय

नवलपरासी (बर्दघाट-सुस्ता पूर्व)
कावासोती

पत्र संख्या : ०७८/७९
च.नं. : ३४६६

मिति : २०७८/११।१२

विषय : निर्णय पठाईएको सम्बन्धमा।

श्री गृह मन्त्रालय,
(शान्ति सुरक्षा तथा अपराध नियन्त्रण शाखा)
सिंहदरवार, काठमाडौं।
श्री मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय,
गण्डकी प्रदेश, पोखरा।
श्री आन्तरिक मामिला मन्त्रालय,
गण्डकी प्रदेश, पोखरा।
श्री जिल्ला स्थित सरकारी कार्यालय सबै,
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)।
श्री स्थानीय तह सबै,
नवलपरासी (वर्दघाट सुस्ता पूर्व)।

प्रस्तुत विषयमा मिति २०७८।११।११ गते प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षतामा बसेको जिल्ला स्थित कार्यालय प्रमुखको बैठकको निर्णय पाना ३ (तीन) यसै पत्रसाथ संलग्न राखी पठाईएको व्यहोरा अनुरोध छ।

२०७८।११।१२

..............................
(चित्राङ्गत बराल)
सहायक प्रमुख जिल्ला अधिकारी

सहायक प्रमुख जिल्ला अधिकारी

मिति २०७८ फागुन ११ मा नवलपरासी (बर्दघाट सुस्ता पूर्व) जिल्लाका प्रमुख जिल्ला अधिकारी श्री सुमन घिमिरेको अध्यक्षता र देहायका पदाधिकारीहरुको उपस्थितिमा जिल्ला स्थित कार्यालय प्रमुखहरुको बैठक बसी निम्नानुसारको निर्णय गरियो ।

## उपस्थिति

प्र.जि अ. श्री सुमन घिमिरे, जिल्ला प्रशासन कार्यालय

स.प्र.जि अ. श्री चित्राङ्गत बराल, जिल्ला प्रशासन कार्यालय

प्र.से. श्री दिपेन्द्र बोगटी, श्री नं. २ वन तथा पर्यावरण सुरक्षा गण हात्तिखोर

प्र.उ.श्री प्रज्वल महर्जन, जिल्ला प्रहरी कार्यालय

उप अनु. नि. श्री रमेश चन्द्र यादव, राष्ट्रिय अनुसन्धान जिल्ला कार्यालय

स.प्र.ना.उ. श्री विर भद्र नाथ, सशस्त्र प्रहरी बल नेपाल नं. ३१ गुल्म

प्र.को.नि.श्री राम बहादुर के.सी., को.ले.नि.का.

जिल्ला समन्वय अधिकारी श्री देवी प्रसाद आचार्य, जि.स.स.कार्यालय

डि.व.अ. श्री मोहन राज काफ्ले, डिभिजन वन कार्यालय

प्र.प्र.अ. श्री राकेश गुरुङ, कावासोती नगरपालिका

प्र.प्र.अ. श्री गोविन्द सिग्देल, देवचुली नगरपालिका

सेस्तेदार श्री महेन्द्र प्रसाद पौड्याल, नवलपुर जिल्ला अदालत

स.जिल्ला न्यायाधिवक्ता श्री बुद्ध बहादुर थापा, जिल्ला सरकारी वकिलको कार्यालय

व.कृ.अ. श्री विष्णु प्रसाद शर्मा प्रधानमन्त्री कृषि आ. प. (परियोजना कार्यान्वयन ईकाई)

कार्यालय प्रमुख श्री केशव प्रसाद चापागाई, स्वास्थ्य कार्यालय

कार्यालय प्रमुख श्री गोपाल शर्मा लामिछाने,कृषी ज्ञान केन्द्र ~~कार्यालय~~

कार्यालय प्रमुख श्री मिलन पौडैल, जलस्रोत तथा सिंचाई विकास डिभिजन कार्यालय

प्रमुख कर अ.श्री टेक बहादुर अर्याल,आन्तरिक राजश्व कार्यालय

जिल्ला निर्वाचन अधिकारी श्री लाल प्रसाद शर्मा भुसाल, जिल्ला निर्वाचन कार्यालय

कार्यालय प्रमुख. श्री रविन्द्र तिवारी, पूर्वाधार विकास कार्यालय

प्र.प्र.अ. श्री नर बहादुर वि.क., विनयी त्रिवेणी गाउँपालिका

कार्यालय प्रमुख श्री  ज्ञान प्रसाद भुसाल, सामाजिक विकाश कार्यालय

नि.प्र.प्र.अ. श्री सिताराम खनाल, बुलिङटार गाउँपालिका

मालपोत अधिकृत श्री नारायण गैरे,मालपोत कार्यालय कावासोती

नापी अधिकृत, श्री भोला प्रसाद कोहार, नापी कार्यालय कावासोती

नि.का.प्र. श्री टेक बहादुर घर्ति यातायात व्यवस्था कार्यालय

नि.कार्यालय प्रमुख श्री टिका रोकाय, शिक्षा विकास तथा समन्वय इकाइ

व.वि.अ. श्री सन्दिप लामिछाने, भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र

नि.का.प्र.श्री राधिका सापकोटा, घरेलु तथा साना उद्योग कार्यालय

छवि सुवेदी, मध्यविन्दु जिल्ला अस्पताल

ब.कविराज निरिक्षक श्री कुशल कृष्ण शर्मा, जि.आयुर्वेद स्वास्थ्य कार्यालय,अरुणखोला

स. प्रवन्धक अमित कुमार कर्ण, नेपाल विद्युत प्राधिकारण,न.प.(ब.सु.पू.)

नि.प्र.प्र.अ. टुक प्रसाद काफ्ले, गैंडाकोट न.पा.

~~प्र.प्र.अ. श्री नर बहादुर वि.क. विनयी त्रिवेणी गा.पा.~~

प्र.प्र.अ. वासुदेव खनाल, मध्यविन्दु न.पा.

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
कञ्चनपुर
२०७४

## निर्णयहरु

१. पूर्व बैठकका निर्णयहरुको कार्यान्वयन स्थितीको समीक्षा गरियो र सबै सरकारी कार्यालय प्रमुखहरुबाट कार्य प्रगतिको अवस्था जानकारी गराइयो ।

२. स्थानीय तहको निर्वाचनको मिति तोकि तयारीको कार्य भई रहेको जानकारी भयो । स्थानीय तहको निर्वाचन, २०७९ लाई मध्यनजर गरी कार्यालयमा रहेका सवारी साधनहरुको मर्मत सम्भार गरी तयारी अवस्थामा राख्ने, कर्मचारीको अद्यावधिक विवरण जिल्ला प्रशासन कार्यालयमा पठाउने, कर्मचारीहरुलाई लामो विदामा नछाड्ने व्यवस्था मिलाउने ।

३. आ–आफ्नो कार्यालयको कार्यादेश, बजेट र विकास कार्यक्रम अनुसार कार्यक्रम प्रभावकारीरुपमा सञ्चालन गर्ने ।

४. कार्यालयमा प्राप्त गुनासाहरुको तुरुन्त समाधान गर्ने गराउने ।

५. समयको पालना र नियमिततालाई ध्यान दिने । कार्यालयबाट प्रदान गरिने सेवा प्रवाहलाई छिटो, छरितो र सुरक्षित बनाउने । कर्मचारीहरुले नेपाल सरकारले तोकेको पोशाक अनिवार्य रुपमा लगाउने ।

६. सबै सरकारी कार्यालय र निकायले आ- आफ्नो मातहतमा रहेका रुग्ण आयोजनाको विवरण उपलब्ध गराई निर्माण व्यवसायी र सम्वद्ध पक्षसँग छलफल र परामर्श एवं आवश्यक कारवाही गरी गराई आयोजना सुचारु बनाई समयमा नै सम्पन्न गर्ने गराउने र समन्वय गरी वातावरण तयार गर्ने । साथै समयमा काम नगर्ने निर्माण व्यवसायीलाई कानूनी कारवाही गरी प्रक्रिया अगाडि बढाई जिल्ला प्रशासन कार्यालयलाई समेत जानकारी गराउने ।

७. सूचनाको हकसम्बन्धी ऐन, २०६४ र सूचनाको हकसम्बन्धी नियमावली, २०६५ बमोजिम सबै कार्यालय र निकायले सूचना अधिकारी तोक्ने, तोकिएको सूचना अधिकारीको सरुवा, अवकास भएको भए तुरुन्त अर्को सूचना अधिकारी तोक्ने, सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ को उपदफा (३) र (४) तथा सूचनाको हकसम्बन्धी नियमावली, २०६५ को नियम ३ बमोजिमका स्वत: प्रकाशन (Pro-Active Disclosure) र अन्य प्रकाशन नियमित गर्ने ।

८. विकास आयोजना कार्यान्वयनको लक्षित भौतिक र वित्तिय प्रगति प्राप्त गर्न नसकेको कार्यालय र आयोजना प्रमुखले तोकिएको लक्ष्य पूरा गर्न तुरुन्त अग्रसरता लिने, आयोजना कार्यान्वयन गर्दा अन्य निकायहरुसँग समन्वय गर्नु पर्ने भएमा समयमै समन्वय गर्ने र आवश्यकतानुसार जिल्ला प्रशासन कार्यालयको सहयोग लिने । आयोजना कार्यान्वयनमा कुनै समस्या आएमा तालुक निकाय र जिल्ला प्रशासन कार्यालयमा जानकारी गराई निकासा भए अनुसार गर्ने गराउने ।

९. विपदजन्य जोखिममा रहेका पुल, सडक, बस्ती वा अन्य संरचना जोगाउने तर्फ तत्काल आ-आफ्नो क्षेत्रमा तोकिएको कार्य गर्ने गराउने ।

१०. कुनै बैठक वा कार्यक्रम संचालन गर्दा प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय को *सार्वजनिक निकायको बैठक तथा कार्यक्रम सञ्चालन निर्देशिका,* २०६९ बमोजिम गर्ने गराउने ।

२०७८।११।११
सहायक प्रमुख जिल्ला अधिकारी

२०७८।११।११
प्रमुख जिल्ला अधिकारी